# प्रथम त्रैमासिक (२०७७ श्रावण देखि आश्विन मसान्त) प्रतिवेदन

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्वरुप र प्रकृति**

विश्वका हरेक मुलुकमा व्यक्ति विशेषको प्रमाणीकरणका लागि सरकारको तर्फबाट नागरिक पहिचान पत्र प्रदान गर्ने गरेको पाइन्छ। नेपालमा पनि सरकारको तर्फबाट नागरिक लागिलाई प्रदान गर्ने सेवा तथा सरकारको नियन्त्रण एवं अनुगमनमा अन्य सार्बजनिक निकायले प्रदान गर्ने सेवाका लागि सरकारबाट जारी गरिएको व्यक्ति पहिचान पत्रलाई उपयोग गरी सार्वजनिक सेवा प्रवाह गर्ने कार्य भैरहेको छ। नेपालमा नागरिक पहिचानको मुख्य आधारको रुपमा नेपाली नागरिकता प्रमाण पत्र प्रदान गर्ने अभ्यास विगत लामो समयदेखि हुँदै आएको छ। एकीकृत, सुदृढ एवं प्रविधिमैत्री प्रणालीको अभावमा एउटै मानिसका विभिन्न ठाउँमा फरक-फरक पहिचान हुन सक्ने सम्भावना रहेको अवस्थामा सर्वप्रथम आर्थिक वर्ष २०६६।०६७ को बजेट वक्तव्यको शान्ति सुरक्षा जनताको अपेक्षा शीर्षकमा "सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटो सहितको बायोमेट्रिक स्मार्टकार्ड वितरण गरिने छ। वृद्ध भत्ता तथा अन्य सामाजिक सुरक्षा भत्ताहरु पनि यसै कार्डको प्रयोग गरी जुनसुकै बैंकबाट रकम निकाल्न सकिने व्यवस्था गरिने छ। यो परिचयपत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन, व्यक्तिगत घटना दर्ताको केन्द्रीय अभिलेखन र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनका लागि एउटा छुट्टै केन्द्रीय निकाय खडा गरिने छ" भनी उल्लेख गरिएको थियो।

क) नेपाल सरकारको २०६७।३।१६ गते को निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०६७।४।१ गते राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको स्थापना भयो। त्यस्तै तत्कालीन स्थानिय बिकास मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०७१।६।३० मा पञ्जीकरण बिभागको स्थापना भयो। नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७५/०६/२८ गतेको निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय परिचयपत्र व्यबस्थापन केन्द्र रसंघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र बसाइँ सराईं जस्ता व्यक्तिगत घटनाहरुको दर्ता व्यवस्थापन एवं नियन्त्रण र सामाजिक सुरक्षा कार्यक्रमको सञ्चालन व्यवस्थापनको प्रमुख जिम्मेवारी रहेको केन्द्रीय पञ्जीकरण बिभाग एकीकरण भई गृह मन्त्रालय अन्तर्गत रहने गरी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग गठन भएको छ।

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरबार, काठमाडौं

निर्देशक

नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार गृह मन्त्रालयको कार्यक्षेत्र भित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन सम्बन्धी विषय उल्लेख भएकोले यस विभागले सम्पादन गर्ने कार्यहरु मुलुकको शान्ति, सुरक्षा, सुव्यवस्था एवं सुशासन र समृद्धिसँग प्रत्यक्ष सम्बन्धित रहेको छ।

नेपालको संविधानको धारा १५ मा नेपालको प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने व्यवस्था छ भने धारा ५१ (च) (७) मा "एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली विकास गरीनागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृत रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने" संवैधानिक व्यवस्था रहेको छ। राष्ट्रिय परिचयपत्र व्यवस्थापनको क्रममा सरकारका विभिन्न नीति कार्यक्रम तथा बजेटमा प्रत्येक नागरिकलाई बहुउपयोगी राष्ट्रिय परिचयपत्रको रुपमा बायोमेट्रिक स्मार्टकार्ड वितरण गर्ने परिकल्पना गरेको देखिन्छ। विभिन्न दस्तावेजमा उल्लेख भएको सन्दर्भलाई राष्ट्रिय परिचयपत्र सम्बन्धी राष्ट्रिय नीतिको रुपमा विश्लेषण गरिएको छ।

क) आर्थिक वर्ष २०७५।०७६ को नेपाल सरकारको नीति तथा कार्यक्रमको बुदा नं. ५५ मा "सबै नेपालीलाई बायोमेट्रिक सूचना र पृथक नम्बर सहितको राष्ट्रिय परिचयपत्र उपलन्ध गराइने छ" भनी उल्लेख भएको छ।

ख) आर्थिक वर्ष २०७५।०७६ को बजेट वक्तव्यको बुँदा नं. १२१ मा "पाँच वर्षभित्र सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने नीति अनुरुप आगामी वर्ष थप १५ जिल्लामा कार्यक्रम विस्तार गरिने छ" भनी उल्लेख भएको छ।

ग) आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रमको सम्बन्धित बुँदा नं. २३३ नागरिकका वैयक्तिक तथा जैविक विवरण समेटिएको एकिकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ। आगामी ३ वर्ष भित्रमा सबै नागरिकलाई पृथक नम्बर सहितको राष्ट्रिय परिचयपत्र वितरण गरिनेछ। राज्यबाट प्रवाह हुने सेवा सुविधालाई यस प्रणालीमा आवद्ध गरिनेछ।

घ) बजेट व्यक्तव्यको सम्बन्धित बुँदा नं २७५ बायोमेट्रिक पहिचान र पृथक नं. सहितको राष्ट्रिय परिचयपत्र वितरण आगामी आ. व. थप एक (१) नागरिकको विवरण विघुतीय प्रणालीमा आवद्ध गरिनेछ।

ङ) गृह प्रशासन सुधार मार्गचित्र २०७४ (८४ बुँदे) मा सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र शीर्षक अन्तर्गत "राष्ट्रिय परिचयपत्र सबै नागरिकलाई योजनाबद्ध रुपमा वितरण गर्ने व्यवस्था मिलाइने छ। एक व्यक्ति एक

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग सिंहदरबार, काठमाडौं

निर्देशक

परिचयपत्र नम्बर प्रणालीमा नागरिकता, पासपोर्ट, सवारी चालक लाइसेन्स आदि एकीकृत गर्ने कार्यको सुरुवात गरिने छ। आगामी ५ वर्षभित्र सम्पूर्ण नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गरिसक्ने व्यवस्था मिलाइने छ" भनी उल्लेख गरिएको थियो।

च) राष्ट्रिय एकता र जनसेवाका लागि गृह प्रशासन, विकास र समृद्धिका लागि शान्ति सुरक्षा र सुशासनको अभिप्रायका साथ कार्यान्वयनमा रहेको गृह प्रशासन सुधार कार्ययोजना २०७४ (८२ बुँदे) मा "राष्ट्रिय परिचयपत्र व्यवस्थापन ऐन निर्माण गर्ने, पाँचथर जिल्लाका एक लाख दश हजार नागरिक र सिंहदरबार भित्र कार्यरत सात हजार कर्मचारीलाईपरीक्षण परियोजना (Piloting Project) को रुपमा राष्ट्रिय परिचयपत्र वितरण गर्ने र पाँच वर्ष भित्र सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने। यस कार्यको लागि राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रले मुख्य जिम्मेवार निकायको रुपमा भूमिका खेल्ने तथा गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयले सहयोगी निकायको रुपमा भूमिका खेल्ने उल्लेख भएको छ।

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको काम, कर्तव्य र अधिकार**

- राष्ट्रिय परिचयपत्र उपलब्ध गराउन आवश्यक पर्ने प्रणाली तथा पूर्वाधार तयार गर्ने।
- व्यक्तिको वैयक्तिक पहिचानका लागि छुट्टा-छुट्टै परिचय नम्बर प्रदान गर्ने।
- जैविक पहिचान सहितको बहुउपयोगी राष्ट्रिय परिचयपत्र तयार गरी वितरण गर्ने।
- नेपालमा बस्ने सबै व्यक्तिका वैयक्तिक विवरण राष्ट्रिय तथ्याङ्क भण्डारमा समाविष्ट गर्ने।
- जनतालाई प्रवाह गर्ने सेवा सुविधालाई एकीकृत प्रणाली मार्फत एउटै परिचयपत्रबाट प्राप्त हुने प्रावधान सहितको प्रणाली विकास गर्ने।
- गैर आवासीय नेपाली र विदेशी नागरिकलाई समेत आवश्यकतानुसार परिचयपत्र उपलब्ध गराउने।
- व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी नीति, कानून र कार्ययोजना तर्जुमा गर्ने।
- व्यक्तिगत घटना दर्ताको केन्द्रीय अभिलेख राख्ने।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण अद्यावधिक गर्ने र स्थानीय तहलाई बजेट अख्तियारी दिने।

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरबार, काठमाडौं

निर्देशक

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा रहने कर्मचारी संख्या र कार्य विवरण

अनुसूची - १

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको संगठन संरचना

**महानिर्देशक**
स.स., रा.प.प्र. (प्रशासन) - १

**प्रशासन, योजना तथा अनुगमन शाखा**
निर्देशक. रा.प.द्वि. (प्र.सा.प्र.) - १

- **प्रशासन**
  - शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
  - क.अधिकृत, रा.प.तृ.(विविध) - १
  - ना.सु., रा.प.अनं. (प्र./सा.प्र.) - २
  - क.अ., रा.प.अनं.प्र. (विविध) - १
  - ह.स.चा.श्रेणीविहीन (करार) - ५
  - का.स. श्रेणीविहीन (करार) - ६
- **योजना अनुगमन तथा समन्वय**
  - शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - २
- **जिन्सी**
  - शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
  - ना.स., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
- **आर्थिक प्रशासन**
  - ले.अ., रा.प.तृ. (प्र./ले.) - १
  - ले.पा., रा.प.अनं.प्र. (प्र./ले.) - १

**राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

- **परिचयपत्र**
  - शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
  - ना.सु., रा.प.अनं. प्र. (प्र./सा.प्र.) - १
  - क.अ., रा.प.अनं.प्र. (विविध) - १

**पञ्जीकरण शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

- **पञ्जीकरण**
  - शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
  - ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
  - क.अ., रा.प.अनं.प्र. (विविध) - १

**सामाजिक सुरक्षा शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

- **सामाजिक सुरक्षा**
  - शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
  - ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
  - क.अ., रा.प.अनं.प्र. (विविध) - १

**सूचना प्रविधि शाखा**
सू.प्र.नि., रा.प.द्वि. (विविध) - १

- **प्रणाली विकास, प्रशोधन तथा छपाई**
  - क. इन्जि., रा.प.तृ. (विविध) - २
  - क. अधिकृत, रा.प.तृ.(विविध) - १
  - क.अ., रा.प.अनं.प्र. (विविध) - १
  - क.टे., रा.प.अनं.प्र. (विविध) (करार) -८
- **विद्युतिय सेवा समन्वय**
  - क. इन्जि, रा.प.तृ. (विविध) - १
  - त.अ., रा.प.तृ.(आ.यो.त.त.) - १
  - त. सहायक, रा.प.अनं.प्र. (आ.यो.त.त.) - १
  - क.अ.,रा.प.अनं.प्र. (विविध) - १
  - क.टे. ,रा.प.अनं.प्र. (विविध) (करार)- ४

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरबार, काठमाडौं

निर्देशक

## विभागको स्वीकृत दरबन्दी तथा पदपूर्तीको विवरणः

| क्र.सं. | पद | श्रेणीतह/ | सेवा | समूह | स्वीकृत दरबन्दी | कार्यरत | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्र. | प्रशासन | सा.प्र. | १ | १ | ० | |
| २ | निर्देशक | रा.प.द्वि. | प्रशासन | सा.प्र. | ४ | ४ | ० | |
| ३ | सूचना प्रविधि निर्देशक | रा.प.द्वि. | विविध | | १ | १ | ० | |
| ४ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ७ | ७ | ० | |
| ५ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ | ० | |
| ६ | तथ्यांक अधिकृत | रा.प.तृ. | आ.यो.तथा त. | तथ्यांक | १ | ० | १ | |
| ७ | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | | २ | १ | १ | |
| ८ | कम्प्युटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | २ | १ | |
| ९ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ६ | ६ | ० | |
| १० | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | १ | १ | ० | |
| ११ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ५ | ५ | ० | |
| १२ | तथ्यांक सहायक | रा.प.अनं.प्रथम | आ.यो.तथा त. | तथ्यांक | १ | १ | ० | |
| जम्मा | | | | | ३३ | ३० | ३ | |

## सेवा करारमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | पद | कार्यरत संख्या | कैफियत |
|---|---|---|---|
| १ | कम्प्युटर इन्जिनियर | ५ | |
| २ | कम्प्युटर टेक्निसियन | ६ | |
| ३ | विवरण दर्ता अपरेटर | ८०६ | विभाग तथा ७७ जिल्लामा स्थायी तथा घुम्ती विवरण दर्ता इकाईमा करारमा कार्यरत विवरण दर्ता अपरेटर |



नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

निर्देशक

| | | | |
|---|---|---|---|
| ४ | हलुका सवारी चालक | ७ | |
| ५ | कार्यालय सहयोगी | १० | |
| | जम्मा | ८३४ | |

विभागमा संचालित SSSPCR आयोजनाको आयोजना व्यवस्थापन इकाईमा कार्यरत व्यक्तिगत परामर्शदाताहरु

| क्र.सं. | पद | कार्यरत संख्या | कैफियत |
|---|---|---|---|
| १ | Senior Procurement Specialist | १ | |
| २ | Financial Management Specialist | १ | |
| ३ | MIS Team Leader | १ | |
| ४ | System Analyst | १ | |
| ५ | Senior Database Analyst | १ | |
| ६ | Program Officer | १ | |
| ७ | Senior Software Developer | १ | |
| ८ | MIS Developer/Programmer | १ | |
| ९ | Communication Officer | १ | |
| १० | MIS Support/Training Staff | ४ | |
| ११ | Project Admin Assistant | २ | |
| १२ | MIS Operator | १००४ | SSSPCR आयोजनाका लागि विभाग र ७५३ वटै स्थानीय तहको सेवा इकाई अन्तर्गत करारमा कार्यरत |
| १३ | Field Assistant | १००३ | |
| | **जम्मा** | २०२२ | |

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग
सिंहदरबार, काठमाडौं

निर्देशक

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट प्रदान गरिने सेवा

१) प्रत्येक नेपाली नागरिकहरुलाई बैयक्तिक र जैबिक बिबरण सहितको स्मार्टकार्ड प्रबिधिमा आधारित परिचयपत्र उपलव्ध गराउने र सो को ब्यबस्थापन गर्ने,

२) व्यक्तिगत घटना दर्ताको ब्यबस्थापन गर्ने,

३) सामाजिक सुरक्षा भत्ताको कार्यक्रम ब्यबस्थापन गर्ने।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको शाखा र जिम्मेवार अधिकारी

- पञ्जीकरण शाखाः निर्देशक, श्री युवराज कटेल
- प्रशासन, योजना तथा अनुगमन शाखाः निर्देशक, श्री शिवराज जोशी
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाः निर्देशक, श्री विष्णुहरि उपाध्याय
- सूचना प्रविधि शाखाः सूचना प्रबिधि निर्देशक, श्री सुभाष ढकाल
- सामाजिक सुरक्षा शाखाः निर्देशक, श्री विष्णु लामिछाने

सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः ऐन र नियमावली बमोजिम

निर्णय गर्ने प्रक्रिया र अधिकारीः सम्बन्धित शाखाबाट पेश भएको टिप्पणीको आधारमा महानिर्देशकबाट निर्णय हुने।

निर्णय उपर उजुरी सुन्ने अधिकारीः महानिर्देशक

प्रथम त्रैमासिक सम्ममा सम्पादन गरेको कार्य विवरणः

१. राष्ट्रिय परिचयपत्र तर्फ

- ७७ वटै जिल्लामा विवरण दर्ता स्टेशन स्थापना तथा संचालन (अघिल्लो महिनामा स्थायी दर्ता स्टेशन स्थापना हुन बाँकी रहेका ११ जिल्लाहरु उदयपुर, सिराहा, बारा, पर्सा, रौतहट, सर्लाही, धनुषा, डोल्पा, हुम्ला, मुगु र मनाङ्ग)।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

निर्देशक

- आश्विन महिनामा जम्मा २७९४०७ र हाल सम्म कुल जम्मा ५१५६११ नागरिकको राष्ट्रिय परिचयपत्रका लागि विवरण सङ्कलन गरिएको।
- राष्ट्रिय परिचयपत्र कार्यक्रमको संखुवासभा जिल्लाका खाँदवारी नगरपालिकाको वडा नं. ८ र ९ साथै चैनपुर नगरपालिकामा रहेका विवरण दर्ता स्टेशनको अनुगमन गरिएको।
- राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि मस्यौदा प्रक्रिया अघि बढाइएको।
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन आर्थिक निर्देशिका २०७६ शंसोधन गरिएको।
- स्थायी दर्ता स्टेशन तथा विवरण दर्ता सम्बन्धी अभिमुखीकरण सम्पन्न: २२ जिल्ला (खोटाङ्ग ओखलढुङ्गा, सोलुखुम्बु, प्युठान, रोल्पा, दाङ्ग, बाँके, बर्दिया, कैलाली, सुनसरी, मोरङ्ग, धनकुटा, तेह्रथुम, भोजपुर, इलाम, ताप्लेजुङ्ग, सुर्खेत, रुकुम पुर्व, रुकुम पश्चिम, दैलेख, जाजरकोट र कालिकोट)
- तालिम तथा अभिमुखीकरण शुरु गरिएका जिल्लाहरु: ६ वटामा सम्पन्न (काठमाडौं, ललितपुर, भक्तपुर, संखुवासभा, झापा र चितवन), तालिम (विवरण दर्ता अपरेटर) रुजु अधिकारीको कार्य सम्बन्धी अभिमुखीकरण (वडा सचिव, मा.वि. शिक्षक), राष्ट्रिय परिचयपत्र सम्बन्धी अभिमुखीकरण (जनप्रतिनिधीहरुलाई)
- अभियान सञ्चालनको लागि विवरण दर्ता अपरेटर छनौट गर्न सूचना प्रकाशन गरिएको: ससरी - ५३, सर्लाही - ६३, कास्की - ६० जना
- ललितपुर र भक्तपुर जिल्लाका स्थानीय तहका वडा स्तरमा विवरण दर्ता अभियान सञ्चालन गर्न विवरण दर्ता अपरेटरलाई परिचालन गरिएको।

२. <u>पञ्जीकरण तर्फ</u>

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली स्वीकृतिका लागि मन्त्री परिषदमा पेश भएको।

निर्देशक

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार,

- संखुवासभा जिल्लाका खाँदवारी नगरपालिका, चैनपुर नगरपालिका, धर्मदेवी नगरपालिका र झापा जिल्लाका भद्रपुर नगरपालिका र कचनाकवल गाउँपालिकामा व्यक्तिगत घटना दर्ता कार्यक्रम सम्बन्धी अनुगमन तथा अभिमुखिकरण गरिएको।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वार्षिक प्रतिवेदन प्रकाशनको प्रक्रियामा रहेको।
- आश्विन महिनामा जम्मा १६७ स्थानीय तह गरी हाल सम्म कुल जम्मा २१७ वटा स्थानीय तहवाट डिजिटाईजेसन सम्बन्धी कार्य भईरहेको।
- २०७७ आश्विन मसान्त सम्ममा अनलाईन मार्फत व्यक्तिगत घटना दर्ता जारी गर्ने वडा संख्या ३१२९
- २०७७ आश्विन मसान्त सम्ममा अनलाईन मार्फत व्यक्तिगत घटना दर्ता विवरण:

  जन्म: ७१८९६१

  मृत्यु: १८५३४७

  विवाह: २९५९९३

  सम्बन्ध विच्छेद: ८१०९

  बसाईसराई दर्ता संख्या: १५०२८५
- एम.आई.एस. अपरेटर र फिल्ड सहायकलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सुदृढीकरण आयोजना अन्तर्गत VERSP-MIS को अनलाईन मार्फत तालिम: जम्मा एम.आई.एस. अपरेटर ९९४ र फिल्ड सहायक ९९५ गरी कूल जम्मा १९८९ जनालाई भाद्र मसान्तसम्म सेवा प्रदायक मार्फत तालिम प्रदान गरिएको।
- नेपालका सम्पूर्ण (७५३) स्थानीय तहका प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, लेखा प्रमुख, सूचना प्रविधि अधिकृत, सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्वन्धी कार्यरत Focal Person लगायतका पदाधिकारीहरुलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा साथै SSSPCR सम्वन्धी अनलाईन मार्फत अन्तरक्रिया छफल तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न।

निर्देशक

- डिजिटाईजेसन सम्बन्धी कार्यक्रम सम्पन्न गर्न ६८० वट स्थानीय तहहरुलाई नमुना बोलपत्र कागजात, कार्यगत शर्त (ToR) र नमुना स्पेशीफिकेशन पठाइएको।
- सबै (७५३) स्थानीय तहहरुलाई समय सीमा सहितको कार्ययोजना पठाइएको।
- पञ्जीकरण (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईसराइ दर्ता) सम्बन्धी रेडियो, टेलिभिजन मार्फत सूचना प्रचार तथा प्रसारण।

३. <u>सामाजिक सुरक्षा तर्फ</u>

- श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको एकिकृत सामाजिक सुरक्षा नीति मस्यौदा २०७६ गृह मन्त्रालय मार्फत सुझाव पठाईएको।
- सामाजिक सुरक्षा भत्ता वितरण गर्न पठाईएको वजेटबाट प्रथम तथा दोश्रो चौमासिकमा अपुग भए बार्षिक बजेटलाई आधार मानी तत्काल आवश्यक रकम MIS online Data को आधारमा उपलब्ध गराईदिन महालेखा नियन्त्रक कार्यालयलाई पत्राचार गरिएको।
- आ.व. २०७३/७४ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नविकरण र लगतकट्टा नभएका विवरण लगत कट्टा गर्न स्थानीय तहमा पत्राचार गरिएकोमा स्थानीय स्तरवाट उक्त कार्य हुन नसकेका १ लाख ३२ हजार जना लाभग्राहीको विवरण यस विभागवाट अनलाईन प्रणाली मार्फत लगतकट्टा गरिएको।
- नेपाल सरकार मन्त्री परिषदको सामाजिक सुरक्षा सम्बन्धी २०७७/०६/२६ को निर्णय कार्यान्वयनको लागि नेपाल भरिका सबै स्थानिय तहहरुलाई पत्राचार गरिएको।
- आश्विन मसान्त सम्म ३०६१३६४ जना लाभग्राहीको विवरण MIS online मा प्रविष्टि सम्पन्न भएको।
- आश्विन मसान्त सम्म Disbursement Linked Indicator (DLI) अन्तर्गत परेका स्थानिय तहहरु १२७ र अन्य स्थानिय तहहरु १९२ गरि जम्मा ३१९ स्थानिय तह बैंक सम्झौता प्राप्त भएको।



नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

निर्देशक

- सामजिक सुरक्षा भत्ता सम्बन्धी काभ्रेपलाञ्चोक, संखुवासभा र झापा जिल्लाका केहि स्थानीय तहमा अनुगमन गरिएको।
- संखुवासभा र झापा जिल्लाका केहि स्थानीय तहमा सामाजिक सुरक्षा भत्ता कार्यक्रमसँग रहेका सवाल तथा गुनासा सम्बोधन सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन।
- ६० वर्ष ननाघेको विधवा र अति अशक्त 'ख' वर्गको अपाङ्गता भएका लाभग्राहीहरुलाई यस आ.व. का पहिलो चौमासिकको सामाजिक सुरक्षा भत्ता आर्थिक सहायताका रुपमा प्रदान गर्ने काम भईरहेको।
- सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्न सवै स्थानीय तहलाई चार चरणमा विभाजन गरी लागू गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने कार्य भईरहेको।
- गरिबी मापन सुचाङ्कमा पछि परेका थप ११ जिल्लाका वालवालिकाहरुलाई वाल पोषण भत्ता प्रदान गर्ने सन्दर्भमा अर्थ मन्त्रालयवाट सहमती प्राप्त भई मन्त्री परिषदमा प्रस्ताव लाने प्रक्रिया अघि बढाइएको।
- गृह सचिव ज्यूको उपस्थितीमा सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने सम्वन्धमा अर्थ मन्त्रालय, गृह मन्त्रालय, नेपाल राष्ट्र बैंक, Banking Association का पदाधिकारी, वाणिज्य र विकास बैंकहरुका CEO सँग अनलाईन मार्फत अन्तरक्रिया कार्यक्रम सम्पन्न।
- वैदेशिक पेन्सनरहरुको सामाजिक सुरक्षा भत्ता रोक्का भएको सम्बन्धमा सर्वोच्च अदालतमा लिखित जवाफ पेश गरिएको।
- सामाजिक सुरक्षाको पारदर्शिता प्रभावकारीता वृद्धि गर्न लाभग्राहीको तथ्याङ्क अध्यावधिक सम्बन्धमा सुचना सहित सबै स्थानिय तहमा पत्राचार गरिएको।
- सामाजिक सुरक्षा भत्ता वैङ्क मार्फत वितरण गर्न सबै स्थानिय तहहरुमा ७ बुँदे निर्देशन सहित पत्राचार भएको।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग
सिंहदरबार, काठमाडौं

निर्देशक

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना अन्तर्गत धनकुटा, ओखलढुङ्गा, खोटाङ, सोलुखुम्बु, मोरङ, ताप्लेजुङ, तेह्रथुम, झापा, संखुवासभा, पाँचथर, भोजपुर, दोलखा, उदयपुर, सप्तरी, सिराहा, रामेछाप, काठमाडौं, भक्तपुर, ललितपुर, धादिङ, काभ्रेपलाञ्चोक, नुवाकोट, सिन्धुपाल्चोक, धनुषा, महोत्तरी, रसुवा, सर्लाही, सिन्धुली, चितवन, रौतहट, मकवानपुर, पर्साका सबै स्थानिय तहका प्रमुख प्रशासकिय अधिकृतसँग Online अन्तरकृया कार्यक्रम सम्पन्न।
- ६० वर्ष मुनीका विधवा र अति अशक्त अपाङ्गको सामाजिक सुरक्षा भत्ता रोक भएको सम्बन्धमा सर्वोच्च अदालतमा लिखित जवाफ पेश।
- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी बैंकहरूसँगको हिसाब मिलान र फरफारक गरी वार्षिक प्रगती प्रतिवेदन उपलब्ध गराईदिने सम्बन्धमा सबै स्थानीय तहमा पत्राचार।
- सामाजिक सुरक्षा भत्ता अन्तर्गतको जन्मदर्ता प्रोत्साहन भत्ता लागू नगर्ने नगराउने सम्बन्धमा सबै स्थानीय तहलाई परिपत्र।
- सामाजिक सुरक्षा भत्ता नवीकरण गर्ने सम्बन्धमा रेडियो, टेलिभिजन साथै पत्रचार मार्फत सूचना प्रचार तथा प्रसारण।
- काठमाडौं महानगरपालिका र देवाही गोनाही नगरपालिका रौतहटलाई सामाजिक सुरक्षा भत्ता अनियमितता गरेको सम्बन्धमा सम्बन्धित ब्यक्ति र पदाधिकारीलाई कारवाही गर्ने निर्देशन सम्बन्धी पत्राचार साथै जसमा आ.व. २०७६/७७ को देवाही गोनाही न.पा. रौतहटबाट नियम विपरित भुक्तानी गरेको सामाजिक सुरक्षा भत्ता रकम रु.४३४५६०।- असुली भएको।
- सामाजिक सुरक्षा भत्ता कार्यक्रमका लाभग्रहीको लगत अद्यावधिक गर्नका लागि सबै स्थानीय तहलाई पत्राचार भई कार्यान्वयन भइरहेको।
- सुर्यविनायक नगरपालिकामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी एकदिने अभिमुखिकरण कार्यक्रममा सहजिकरण गरिएको।

१२

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग
सिंहदरबार, काठमाडौं

निर्देशक

- बालपोषण संरक्षण अनुदान विस्तार गर्ने सम्बन्धमा मानव गरिबी सूचकाङ्कको आधारमा ११ वटा जिल्लाको लागि अर्थ मन्त्रालयमा सिफारिस गरी पठाउन गृह मन्त्रालयमा फाईल अगाडी बढाइएको।
- विद्युतीय माध्यमबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न स्थानीय तहहरूको क्षेत्र तोक्ने सम्बन्धमा गृह मन्त्रालयमा फाईल अगाडी बढाइएको।
- लोपोन्मुख जातिका बालबालिकाले सामाजिक सुरक्षा ऐन,२०७५ अनुसार रोजेको भत्ता लिन पाउने गरी सबै स्थानीय तहलाई पत्राचार गरिएको।

**सूचना अधिकारी र प्रमुखको नाम र पदः-**

प्रमुखः महानिर्देशक श्री जितेन्द्र बस्नेत

सूचना अधिकारीः निर्देशक श्री शिवराज जोशी

**ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

१) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६

२) सामाजिक सुरक्षा ऐन, २०७५ तथा नियमावली, २०७६

३) जन्म, मृत्यु तथा अन्य घटना दर्ता गर्ने नियमावली, २०३४

४) राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी आर्थिक निर्देशिका, २०७६

५) विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति ,२०७४ को पहिलो संसोधन, २०७६

६) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ दोश्रो संशोधन, २०७६

७) व्यक्तिगत घटना दर्ता तथा तथ्यांक व्यवस्थापन रणनीति, २०७६ (Strategy of Civil Registration and Vital Statics, 2019)

८) राष्ट्रिय परिचयपत्र व्यवस्थापनको रणनीतिक योजना, २०७५।०७६– २०७७।०७८

१३

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग सिंहदरबार, काठमाडौं

निर्देशक

९) राष्ट्रिय परिचयपत्र वितरणका लागि नेपाली नगरिकता प्राप्त व्यक्तिको विवरण दर्ता तथा राष्ट्रिय परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७५

१०) नेपाल सरकारका निर्णय तथा परिपत्रहरु,

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग
सिंहदरबार, काठमाडौं

निर्देशक

# आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्वन्धी अद्यावधिक विवरण

## आर्थिक वर्ष २०७७/७८ को कार्यक्रम र बजेट

### विभागको वार्षिक विनियोजित बजेट तथा खर्चको अवस्था

| खर्च शिर्षक | विनियोजित रकम (GoN) | विनियोजित रकम (IDA) | Total | खर्च रकम (GoN) | खर्च रकम (IDA) | Total Exp | Exp % (GoN) | Exp % | % Exp | जिल्ला पठाएको रकम | Remaining Balance | Total Balance | खर्च रकम (GoN) | खर्च रकम (IDA) | Total Exp | GoN % after | Total % after |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| चालु तर्फ जम्मा | १७१४१00000 | ४६७२00000 | २१८१३00000 | २०५०९६११ | ४४०६४१० | २४९१०८१८१ | १।२० | ०।९४ | १।१४ | २०६५४७००० | १५०७५५३००० | १९७४७५३००० | २४९१०८१८१ | ८२७२५५१ | ३३१८०७३२ | १।६५ | १।६८ |
| पुँजिगत तर्फ जम्मा | ४३४३00000 | २३२0000000 | ६६६३00000 | १२८१९०५५६ | ५०६६५६ | १२८६९७२१२ | २९।५२ | ०।२२ | १९।३२ | २५00000 | ४३१८00000 | ६६३८00000 | १२८१९०५५६ | ५०६६५६ | १२८६९७२१२ | २९।६१ | १९।३९ |
| कुल जम्मा | २१४८४00000 | ६९९२00000 | २८४७६00000 | १४८६९२२४७ | ४९१३१४६ | १५३६०५३९३ | ६।९२ | ०।७० | ५।३९ | २०९०४७००० | १९३९३५३००० | २६३८५५३००० | १५३०९८७३७ | ८७७९२०७ | १६१८७७९४४ | ७।८१ | ६।१४ |

महिना देखि : श्रावण    महिना सम्म : असोज

(रु. हजारमा)

| खर्च संकेत नं. | शुरू बजेट | रकमान्तर थप | रकमान्तर घट | खुद बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| ३१४०१०१२ सामाजिक सुरक्षा तथा संरक्षण | ६७,५०,००,०० | २,६७,३४ | २,६७,३४ | ६७,५०,००,०० | ८,५०,३९,६३ | १२.६ |
| २७१११ सामाजिक सुरक्षा | ६७,५०,००,०० | २,६७,३४ | २,६७,३४ | ६७,५०,००,०० | ८,५०,३९,६३ | १२.६ |
| जम्मा | ६७,५०,००,०० | २,६७,३४ | २,६७,३४ | ६७,५०,००,०० | ८,५०,३९,६३ | १२.६ |

निर्देशक

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग
सिंहदरबार, काठमाडौं

**<u>राष्ट्रिय परिचयपत्रको वेभसाईट भए सोको विवरण:</u>** www.donidcr.gov.np

**<u>सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण:</u>** विश्व बैंकको सहयोगमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना संचालन भईरहेको।

**सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:** औपचारिक रूपमा सुचना माग नभयपनि विभागसँग सम्बन्धित सूचनाहरू सम्प्रेशण भैरहेको।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

समाप्त

निर्देशक

# आ.ब. २०७७/०७८ को बजेट कार्यान्वयन कार्ययोजना (माईलस्टोन): आश्विन मसान्त सम्मको प्रगति विवरण

| नीति तथा कार्यक्रम बुँदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | बजेट वक्तव्यसँग सम्बन्धित बुँदा नं. | क्रियाकलाप संख्या | मुख्य क्रियाकलाप | माईलस्टोन | आ.ब. २०७७।०७८ को कार्यान्वयन समयसारिणी (६) प्रथम चौमासिक | | | | दोस्रो चौमासिक | | | | तेस्रो चौमासिक | | | | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | सहयोगी निकाय | प्रगति विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | | | |
| १ | २ | ३ | | ४ | ५ | | | | | | | | | | | | | ७ | ८ | |
| राष्ट्रिय परिचयपत्र तथा सामाजिक सुरक्षा | | | | | | | | | | | | | | | | | | | | |
| २३३ | नागरीकका वैयक्तिक तथा जैविक विवरण समेटिएको एकिकृत राष्ट्रिय पत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरीनेछ । आगामी तीन वर्षभित्रमा सबै नागरीकलाइ पृथक नम्बर सहितको राष्ट्रिय परिचयपत्र वितरण गरीनेछ । राज्यबाट प्रवाह हुने सेवा सुविधालाइ यस प्रणालीमा आवद्द गरीनेछ । आगामी तीन वर्षभित्रमा सबै स्थानीय तहबाट अनलाइन प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता गर्ने व्यवस्था मिलाइनेछ । | २७५ | ४४ | राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली (NIDMIS) स्तरोन्नति तथा परीक्षण गर्ने । | १.स्तरोन्नति तथा परीक्षण सम्पन्न | | | | | | ■ | | | | | | | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | गृह मन्त्रालय | परीक्षण कार्य निरन्तर भैइरहेको |
| | | | ४५ | NIDMIS को Disaster Recovery Siteको लागि आवश्यक उपकरण खरिद एवं Site स्थापना गर्ने । | १. बोलपत्र सूचना प्रकाशन | ■ | | | | | | | | | | | | | | बोलपत्र मूल्याङ्कनको चरणमा रहेको |
| | | | | | २. सम्झौता | | | ■ | | | | | | | | | | | | |
| | | | | | ३. सेवा तथा वस्तु प्राप्त गरी site स्थापना | | | | | | | ■ | | | | | | | | |
| | | | ४६ | NIDMIS प्रणाली संग ५ वटा प्रणालीको सेवा आवद्दता गर्ने । | १.आवद्दताको परीक्षण गरी सेवा प्रवाह शुरु | | | | | | | | ■ | | | | | | | सेवा आवद्दताको पुर्वाधार विकासको कार्य भैरहेको। सेवा आवद्दता सम्बन्धमा सेवा प्रदायक निकायहरु सँग समन्वय बैठक सम्पन्न। |
| | | | ४७ | राष्ट्रिय परिचयपत्र (स्मार्ट कार्ड) खरिद गर्ने । | १. बोलपत्र सूचना प्रकाशन | | ■ | | | | | | | | | | | | | बोलपत्र कागजात तथा स्पेसिफिकेसनको तयारीको कार्य भैइरहेको। (संभाव्य कम्पनीहरु सँग अनलाईन मार्फत पछिल्लो प्रविधि तथा प्राविधिक परिवर्तन सम्बन्धमा छलफल भएको) |
| | | | | | २. बोलपत्र स्विकृती, सम्झौता र डिजाइन तथा लेआउट तय | | | | | ■ | | | | | | | | | | |
| | | | | | ३. स्मार्ट कार्ड प्राप्त | | | | | | | | | | | ■ | | | | |
| | | | ४८ | सबै जिल्ला प्रशासन कार्यालयहरुमा राष्ट्रिय परिचयपत्रको विवरण दर्ता केन्द्र स्थापना तथा सञ्चालन गर्ने । | १. जिल्ला प्रशासन कार्यालयहरुमा स्टेशन स्थापना तथा सञ्चालन (जिल्ला संख्या) | १० | १६ | ८ | ७ | | | | | | | | | | जिल्ला प्रशासन कार्यालयहरु | सम्पन्न (७७ वटै जिल्ला प्रशासन कार्यालयमा विवरण दर्ता स्टेशन स्थापना तथा संचालन भएको। अघिल्लो महिनामा स्थायी दर्ता स्टेशन स्थापना हुन बाँकी रहेका ११ जिल्लाहरु उदयपुर, सिराहा, बारा, पर्सा, रौतहट, सर्लाही, मुगु, डोल्पा, हुम्ला, मुगु र मनाङ)। |
| | | | ४९ | राष्ट्रिय परिचयपत्रको घुम्ती दर्ता केन्द्र (Mass Enrollment) स्थापना तथा सञ्चालन गर्ने । | १. थप नागरिकको विवरण संकलन (चौमासिक रुपमा लाखमा) | | | | २० | | | | ४० | | | | ४० | जिल्ला प्रशासन कार्यालयहरु | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | आश्विन महिनामा जम्मा २७९४०७ र हाल सम्म कुल जम्मा ५१५६११ नागरिकको राष्ट्रिय परिचयपत्रका लागि विवरण सङ्कलन गरिएको (Covid-19 को कारण अपेक्षाकृत रुपमा विवरण संकलन हुन नसकेको)। |
| | | | ५० | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (VERSP-MIS) को लागि सर्भर, Disaster Recovery Center खरिद तथा स्थापना गर्ने । | १. बोलपत्र सूचना प्रकाशन | | ■ | | | | | | | | | | | | | |
| | | | | | २. सामान प्राप्ती तथा परीक्षण | | | | ■ | | | | | | | | | | | साबिक मूल्याकंनको चरणमा रहेको बोलपत्र रद्द भई पुनः नयाँ प्रक्रियामा रहेको । |
| | | | | | ३. Site स्थापना | | | | | | | ■ | | | | | | | | |
| | | | ५१ | VERSP-MIS प्रणालीको स्तरोन्नती गर्ने । | १. प्रणाली स्तरोन्नती तथा परीक्षण सम्पन्न | | | | | | | | | | | ■ | | | | नियमित भैइरहेको । |

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग गृह मन्त्रालय सिंहदरबार, काठमाडौं

निर्देशक

|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  | ५२ | VERSP-MIS को लागि NID Smart Card Reader, Biomatric Verficaction Device खरिद तथा प्रणालीमा Integration | १. बोलपत्र सूचना प्रकाशन |  |  |  |  |  |  |  |  |  |  |  |  | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | गृह मन्त्रालय | बोलपत्रको पुर्व तयारी कार्य भैरहेको। |
|  |  |  |  |  | २. सम्झौता |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  | ३. वस्तु प्राप्त गरी प्रणालीमा Integration |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  | ५३ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धमा स्थानीय तहका १४०० कर्मचारीहरुलाइ क्षमता अभिवृद्धि तालिम प्रदान गर्ने । | १. सूचना प्रकाशन |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  | Covid-19 को कारण प्रक्रिया अगाडी बढाउन नसकिएको। |
|  |  |  |  |  | २.आशयपत्रको प्राप्ति, मूल्यांकन, स्वीकृती, सम्झौता |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  | ३. तालिम प्रदान (कर्मचारी संख्या सयमा) |  |  |  |  |  |  |  | ७ |  |  | ७ |  |  |  |  |
|  |  |  | ५४ | वडा कार्यालयहरुलाइ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीमा आवद्द गर्ने | १. अनलाइन घटना दर्ता गर्ने वडा कार्यालय (संख्या हजारमा पुग्ने) |  |  |  | ३ |  |  |  | ३.६ |  |  |  | ४.२ | स्थानीय तहहरु | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | हाल ३१२९ वटा वडामा सञ्चालन भैइरहेको । |
| ८९ | आफ्नो हेरचाह आफै गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका र लोपोन्मुख जातिका नागरीकहरुको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्था गरीनेछ । |  | ५५ | सामाजिक सुरक्षा भत्तालाइ बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने । | १.१९० स्थानीय तहमा बैंकिङ्ग प्रणाली मार्फत वितरण प्रारम्भ (स्थानीय तह संख्या) | ६६ |  |  | ३४ |  |  |  | ५० |  |  |  | ४० | स्थानीय तहहरु |  | आश्विन मसान्तसम्ममा बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सम्बन्धमा ७५३ स्थानीय तहमध्ये कुल जम्मा ३१९ वटा स्थानीय तह आवद्ध भएका छन् । जसमध्ये सूचकमा आधारित शोधभर्ना २ (DLI २) लक्ष्य र प्रमाणीकरण अन्तर्गत छनौट भएका १९० स्थानीय तहमध्ये १२७ स्थानीय तहले बैंकसँग सम्झौता सम्पन्न गरेको। |
|  |  |  |  |  | ३. २५० स्थानीय तहका लाभग्राहीहरुको विवरण शुद्धिकरण |  |  |  | ५० |  |  |  | १०० |  |  |  | १०० | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | गृह मन्त्रालय | सेवा प्रदायक छनौटका लागि ToR तयार भएको। |

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

निर्देशक